जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए ढुकिएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि




बर्ष १३ • अंक ३५८ • २०८३ असोज ३० गते शुक्रवार • 16 Oct. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

# धनौजीमा २३३ जनालाई जग्गाधनी प्रमाणपुर्जा वितरण



दिपक श्रेष्ठ मण्डल
जनकपुरधाम, २९ असोज

धनुषाको धनौजी गाउँपालिका-३ अन्तर्गत साविक झोझी कटैया गाविसका वडा नं. १ देखि ९ सम्मका २३३ जना स्थानीयवासीहरु लाई जग्गाधनी प्रमाणपुर्जा वितरण गरिएको छ।

नापी कार्यालय धनुषाका कर्मचारी, जनप्रतिनिधि तथा स्थानीय भद्रभलाद्मीहरूको उपस्थितिमा आयोजित कार्यक्रममा स्थानीयवासीलाई जग्गाधनी प्रमाणपुर्जा वितरण गरिएको हो। कार्यक्रमको सभापतित्व नापी कार्यालयका प्रमुख उमेश कुमारले गर्नुभएको थियो भने प्रमुख अतिथिका रूपमा धनौजी गाउँपालिकाका अध्यक्ष राजकुमार साह उपस्थित रहनुभएको थियो।

कार्यक्रममा धनौजी गाउँपालिका-३ का वडाध्यक्ष रामनारायण यादवले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो। कार्यक्रममा मन्तव्य व्यक्त गर्दै नापी प्रमुख उमेश कुमारले सरकारी सेवा लिन आउने सेवाग्राहीलाई अनावश्यक दुःख तथा झन्झट दिन नहुने बताउनुभयो। उहाँले सेवाग्राहीका काम बढीमा दुई दिनभित्र सम्पन्न गर्ने गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिँदै बिचौलियाको प्रलोभनमा नपर्न र त्यस्ता गतिविधिबाट सचेत रहन आग्रह गर्नुभयो।

सरकारी सेवा सहज, सरल, पारदर्शी र नागरिकमैत्री हुनुपर्ने उहाँको भनाइ थियो। यसैगरी, नापी प्रमुख कुमारले धनुषा जिल्लाका सम्पूर्ण सरकारी जग्गाको विवरण समेटेर पुस्तक प्रकाशन गर्ने योजना रहेको जानकारी दिनुभयो। आफू ललितपुर जिल्लामा कार्यालय प्रमुखका रूपमा कार्यरत रहँदा त्यहाँ सरकारी जग्गासम्बन्धी विवरण समेटिएको पुस्तक प्रकाशन गरेको अनुभव सुनाउँदै उहाँले धनुषा आफ्नो कार्यकालमा यस्तो पुस्तक प्रकाशन गर्ने दोस्रो जिल्ला हुने बताउनुभयो। उक्त पुस्तकले जिल्लाभित्रका सरकारी जग्गाको अभिलेख व्यवस्थित गर्न तथा तिनको पहिचान, संरक्षण र व्यवस्थापनमा सहयोग पुग्ने अपेक्षा गरिएको छ।

त्यस्तै, स्थानीयवासी तथा जनप्रतिनिधिहरूले सेवाग्राहीलाई अनावश्यक दुःख नदिई सहज र पारदर्शी रूपमा सरकारी सेवा उपलब्ध गराउनुपर्नेमा जोड दिएका थिए। गाउँपालिका अध्यक्ष राजकुमार साहले पनि सरकारी सेवा लिन आउने नागरिकलाई अनावश्यक झन्झट नदिन र बिचौलियाबाट सचेत रहन आग्रह गर्नुभयो। जग्गाधनी प्रमाणपुर्जा वितरणबाट स्थानीयवासीलाई आफ्नो जग्गाको स्वामित्व पुष्टि गर्ने आधिकारिक प्रमाण प्राप्त गर्न सहज हुने अपेक्षा गरिएको छ। साथै, सरकारी जग्गाको विवरण समेटेर पुस्तक प्रकाशन गर्ने योजनाले सरकारी सम्पत्तिको अभिलेखीकरण, संरक्षण तथा व्यवस्थापनमा थप सहयोग पुग्ने विश्वास गरिएको छ।

# खजुरीचन्हामा नवनिर्मित भवन विद्यालयलाई हस्तान्तरण

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, २९ असोज



नवनिर्मित बालमैत्री तथा समावेशी विद्यालय भवन र बाल लैंगिक तथा अपांगमैत्री शौचालय श्रीमाध्यमिक विद्यालय खजुरीचन्हालाई हस्तान्तरण गरिएको छ।

धनुषाको जनकनन्दनी गाउँपालिका-४ खजुरीचन्हास्थित श्रीमावि परिसरमा बिहीबार आयोजित एक समारोहका बीच सो नवनिर्मित बालमैत्री तथा समावेशी विद्यालय भवन र बाल लैंगिक तथा अपांगमैत्री शौचालय विद्यालयलाई हस्तान्तरण गरिएको हो । जनकनन्दनी गाउँपालिकाका अध्यक्ष दिपिनदेव यादवले नवनिर्मित विद्यालय भवनको उद्घाटन गर्दै नयाँ विद्यालय भवनले बालबालिकाको पठ्नपाठनमा सुधार आउने विश्वास व्यक्त गरे। बालमैत्री कक्षाकोठा रहेकाले बालबालिकाको सिकाई उपलब्धीसमेत वृद्धि हुन्छ, उनले भने-बालबालिका, समावेशी र अपांगतामैत्री विद्यालय भवन निर्माण गरेको सहयोगी संस्थाहरुलाई धन्यवाद छ । विद्यालयका प्रधानाध्यापक हरिलाल सहनीको अध्यक्षतामा भएको उद्घाटन समारोहमा उनले शैक्षिक गुणस्तर कायम गर्नुका साथै बालबालिकालाई विद्यालयमा नियमित हुन समेत यसले प्रोत्साहित गर्ने विश्वास व्यक्त गरे। विद्यार्थीको संख्या अधिक भएपनि कक्षाकोठा अभावमा पठनपाठनसमेत प्रभावित हुने गरेको थियो। एउटै कोठामा संयुक्त कक्षा संचालन गर्नुपर्ने बाध्यता समेत अब हटेर गएको छ। जापान सरकारको सहयोगमा प्लान इन्टरनेशनल नेपाल र आसमान नेपालको साझेदारीमा बालविकास, कक्षा १ देखि ३ सम्म चार कोठे दुई तल्ले भवन, बालमैत्री र अपांग मैत्री खानेपानी स्टेशन, शौचालय निर्माण गरिएको छ । भौतिक पूर्वाधार अभावमा बालबालिकाको पठनपाठनमा समस्या हुने गरेको स्वीकार गर्दै अब उनीहरु विद्यालयमा नियमित हुने उपाध्यक्ष सहगलले विश्वास व्यक्त गरिन् । शिक्षालाई लिएर अभिभावकसमेत गंभीर हुनुपर्ने धारणा राख्दै समयमा बालबालिकालाई विद्यालय पठाउने र लैजानुपर्ने तर्क उनको थियो । विद्यालयमा नियमित पठनपाठन भइरहेको छ/छैन यसको पनि अभिभावकले नियमित रुपमा निगरानी गर्नुपर्ने सहगलले थपिन्।

सो अवसरमा प्लान इन्टरनेशनल नेपालका पूर्वी क्षेत्रीय कार्यालय प्रमुख रविशंकर पण्डितले भवन संचालनमा आएपछि बालबालिका विद्यालयमा नियमित हुने विश्वास व्यक्त गरे। शिक्षा क्षेत्रमा सुधार ल्याउनका लागि प्लान इन्टरनेशनल नेपालले भौतिक संरचना निर्माण कार्य गर्दै आएको उनले बताए। प्लान इन्टरनेशनल नेपाल र आसमान नेपालको साझेदारीमा संचालित शिक्षा परियोजना अन्तर्गत विदेह नगरपालिकामा ३ र जनकनन्दनी गाउँपालिकामा २ वटा बालमैत्री तथा समावेशी विद्यालय भवन र बाल लैंगिक तथा अपांगमैत्री शौचालय निर्माण गरिएको छ।

सो अवसरमा वडा नम्बर १ का वडाध्यक्ष संतोष कुमार गोइत, वडा नम्बर २ का वडाध्यक्ष अब्दुल मालिक शेष, वडा नम्बर ४ का वडाध्यक्ष दिलिप यादव, वडा नम्बर ५ वडाध्यक्ष अशोककुमार मण्डल, वडा नम्बर ६ का वडाध्यक्ष सुर्यदेव यादव, प्लान इन्टरनेशनल नेपालका शिक्षा परियोजना प्रबन्धक रिया इटो, आसमान नेपालका अध्यक्ष रेखा यादव लगायतको उपस्थिति रहेको थियो।

आसमान नेपालका संजय पासवानले संचालन गरेको कार्यक्रममा लालीगुराँस बाल क्लवका छात्राहरुले स्वागत नृत्य गरेका थिए।

# आठौँ वार्षिक प्रतिवेदन पेस

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, २९ असोज

मधेशी आयोगका कार्यवाहक अध्यक्ष जीवछ साहले मधेश प्रदेशका प्रदेश प्रमुख डा. सुरेन्द्र लाभ कर्णसमक्ष आयोगको आठौँ वार्षिक प्रतिवेदन पेस गरेका छन्।

बिहीबार प्रदेश प्रमुखको कार्यालयमा आयोजित कार्यक्रममा कार्यवाहक अध्यक्ष साहले नेपालको संविधानको धारा २९४ को उपधारा (३) बमोजिम आर्थिक वर्ष २०८२/०८३ मा आयोगले सम्पादन गरेका कामकारबाही समेटिएको वार्षिक प्रतिवेदन प्रदेश प्रमुख कर्णसमक्ष पेस गरेका हुन्।

सवैधानिक व्यवस्थाअनुसार आयोगले आर्थिक वर्षभरि गरेका काम, गतिविधि तथा प्रगतिलाई समेटेर वार्षिक प्रतिवेदन पेस गरेको प्रदेश प्रमुखको कार्यालयले जनाएको छ।



जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ||-कवि पवेन्द्र मानश्रेष्ठ
समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
सबै क्षेत्रको प्रबर्द्धनको गुरु
जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय....................

# मगरहरूको दशैं

आदिवासी मगरहरूले विन्दास तरिकाले दसैं आफ्नै परामा मनाउदै आएको देखिन्छ । तर पछिल्लो समय मिडियामा आफ्नो समुदायले मानेको दसैं र लोककथाहरू फरक परेकाले उनीहरू झस्किएको थियो । त्यसपछि आदिवासी अगुवाहरूको दसैं परित्याग अभियानबाट पनि मगरहरूलाई छोयो । अहिले दसैं बहिष्कार र परित्याग गर्ने, कालो टीका लगाएर विरोध गर्ने एवं दसैंलाई महत्व नदिने जमात पनि निकै रहेको देखिन्छ । केही स-साना राजनैतिक दलहरूले समेत दसैं परित्यागको सबाललाई उठाएपछि कतिपय मगरहरूले पनि दसैं मनाउन छोडेको देखिन्छ । परिवारभित्र पनि दसैं मान्ने र नमान्ने मतभेदहरू देखिएको छ । यसले गर्दा पारिवारिक विखण्डनहरू बढेका छन । हिजोजस्तो सबै भाइखलकका परिवारहरू एकै ठाउँमा जम्मा हुने प्रचलन हराउँदै गएका छन । देश, परदेश गएकाहरू पनि दसैंका लागि गाउँबस्तीमा फर्कने प्रचलन घट्दो रहेका छन । यसले आफ्नो गाउँघर, जन्मस्थल तथा देशप्रति मोह घट्दो छन । यसले गर्दा गाउँघरका आफन्तजन, छिमेकीहरूको भेटघाट पातलिँदै गएका छन । बालबालिकामा पुर्खाहरूको आदिवासी ज्ञान पुस्तान्तरण हराएका छन । बालबालिकाको सामाजिकीकरण हराउँदै गएको देखिन्छ । सामूहिकता हराउँदै गएर व्यक्तिवादी सोचहरू बढ्दै जान थालेका छन । आफन्तजनहरूमा भेटघाट पातलिँदै गएर सम्बन्धहरू कमजोर बन्दै गएका छन । ज्येष्ठ नागरिकलाई सम्मान गर्ने, उनीहरूबाट आशीर्वाद लिने प्रचलन हराउँदै जान थालेका छन । देशको तेस्रो धेरै जनसंख्या भएको समुदाय यस्तो भुँमरीमा फस्नु भनेको देश निर्माणका लागि बाधक पनि रहेको देखिन्छ ।

# जनकपुरधामसहित जिल्लाका सहरी तथा ग्रामीण क्षेत्रमा सुरक्षा निगरानी बढाए

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, २९ असोज

दसैं, तिहार र छठ पर्वलाई लक्षित गर्दै धनुषा प्रहरीले जनकपुरधामसहित जिल्लाका सहरी तथा ग्रामीण क्षेत्रमा सुरक्षा निगरानी बढाएको छ। चाडपर्वका बेला हुन सक्ने चोरी, लुटपाट, लागुऔषध कारोबार तथा अन्य आपराधिक गतिविधि रोक्न प्रहरीले ठूलो संख्यामा सुरक्षाकर्मी परिचालन गरेको हो।

सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउन जिल्ला प्रहरी कार्यालय धनुषाका प्रमुख प्रहरी उपरीक्षक (एसपी) रुपेश खड्का आफैँ



सडकमा खटिएर सवारीसाधन जाँच गरिरहेका छन् । उनी दिउँसोदेखि रातिसम्म प्रहरी टोलीसँगै खटिएर मादक पदार्थ तथा लागुऔषध सेवन गरी सवारी चलाउने, हेल्मेट नलगाउने र स्वरूप परिवर्तन गरी चर्को आवाज निकाल्ने मोटरसाइकलमाथि निगरानी गरिरहेका छन् । एसपी खड्काका अनुसार चाडपर्वलक्षित विशेष सुरक्षा योजना लागू गरेको दुई दिनमै चर्को आवाज निकाल्ने गरी स्वरूप परिवर्तन गरिएका एक सयभन्दा बढी मोटरसाइकल नियन्त्रणमा लिइएको छ । साँझदेखि राति अबेरसम्म विभिन्न चोकमा प्रहरीको उपस्थिति बढाएर सवारी जाँच र शंकास्पद गतिविधिमाथि निगरानी गरिएको उनले बताए। 'चाडपर्वमा कुनै पनि अवाञ्छित गतिविधि हुन नदिन हामी सक्रिय भएका छौँ। पैदल, साइकल र मोटरसाइकल गस्ती बढाउनुका साथै विभिन्न स्थानमा थप सुरक्षाकर्मी परिचालन गरेका छौँ,' उनले भने।

प्रहरीको सक्रियताले मादक पदार्थ वा लागुऔषध सेवन गरेर सवारी चलाउनु हुँदैन भन्ने चेतना बढ्न थालेको उनको भनाइ छ।

# सार्वजनिक यातायातमा बढी भाडा असुल्ने, टिकट नदिने, बीच बाटोमै यात्रुलाई अलपत्र पार्ने तथा दुर्व्यवहार गर्ने गुनासो

जलेश्वरटुडे समाचारदाता
महोत्तरी, २९ असोज

दसैं मनाउन घर फर्किने यात्रुको चाप बढेसँगै सार्वजनिक यातायातमा बढी भाडा असुल्ने, टिकट नदिने, बीच बाटोमै यात्रुलाई अलपत्र पार्ने तथा दुर्व्यवहार गर्ने गुनासो बढ्न थालेको छ। यस्ता समस्या समाधानका लागि जिल्लाका विभिन्न स्थानमा सञ्चालनमा रहेका यात्रु सहायता कक्ष यात्रुका लागि सहयोगी बनेका छन्।

दसैंका लागि घर फर्किने क्रममा धरान-बुटवल बसमा यात्रा गरिरहेका बाजुराका सौरभ मल्लसँग कन्डक्टरले निर्धारितभन्दा बढी भाडा मागेपछि उहाँले बर्दीबासस्थित यात्रु सहायता कक्षमा गुनासो गर्नुभयो। कन्डक्टरले मल्लसँग २ हजार २०० रुपैयाँ भाडा मागेका थिए।

मागेजति रकम नदिए बीच बाटोमै उतारिदिने धम्की दिएपछि विवाद भएको थियो । बर्दीबास पुगेपछि मल्लले ट्राफिक प्रहरीसमक्ष गुनासो गरेपछि सोधपुछका क्रममा कन्डक्टरले उक्त दूरीको निर्धारित भाडा १ हजार ८०५ रुपैयाँ मात्र भएको स्वीकार गरेका थिए। त्यसपछि अन्य यात्रुसँग लिएको बढी भाडासमेत फिर्ता गर्ने र जथाभावी भाडा असुले कारबाही गर्ने चेतावनी दिएपछि विवाद समाधान भएको थियो । त्यस्तै, काठमाडौँबाट पूर्वतर्फ जाँदै गरेका भोजपुरका मन्दिप भुजेललाई शनिबार मध्यरातमा एउटा हाइसले




बर्दीबासमा ल्याएर अलपत्र पारेको थियो । चालकले बर्दीबासबाट पूर्वतर्फ जाने अर्को गाडीमा चढाइदिने भन्दै ल्याएका भुजेललाई बीच बाटोमै झारेर हाइस अन्यत्र गएको थियो । टिकटसमेत नदिइएकाले मध्यरातमा कहाँ जाने भन्ने अन्योलमा परेका भुजेलले आइतबार बिहान बर्दीबासस्थित यात्रु सहायता कक्षमा पुगेर सहयोग मागेका थिए। घटनाबारे जानकारी पाएपछि ड्युटीमा रहेका ट्राफिक प्रहरीले पश्चिमबाट इटहरीतर्फ जाँदै गरेको बस रोकेर भुजेललाई त्यसमा चढाइदिएका थिए। दसैंमा यात्रुको चापसँगै देखिने यस्ता समस्या नियन्त्रण गर्न यात्रु सहायता कक्ष प्रभावकारी माध्यम बनेको जिल्ला ट्राफिक प्रहरी कार्यालय महोत्तरीका प्रमुख प्रहरी निरीक्षक बाबुराम कार्कीले बताउनुभयो।




## तपाईको टुडे

मेषः मनमा पछुतो आउने
वृषः अनावश्यक चिन्ता
मिथून: मित्रतामा फाटो आउने
कर्कटः विचार गरेर बोल्नुहोला
सिंहः खानपानमा समस्या आउने
कन्याः अनावश्यक खर्चको संभावना
तुलाः शुभ कार्यको शुरुवात
वृश्चिकः आम्दानी हुने
धनुः अशुभ समाचार प्राप्त हुने
मकरः पिछडेको साथी मिल्ने
कूम्भः लामो यात्राको योग छ
मीनः पढाईमा ध्यान दिनुपर्ने

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |
| आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं | १९७ |

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा



बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# ईयूको बजेटमा सदस्य राष्ट्रबीच मतभेद चुलियो



**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २९ असोज**

युरोपेली सङ्घ (ईयू) को सन् २०२८ देखि २०३४ सम्मको करिब दुई खर्ब युरोको दीर्घकालीन बजेटलाई लिएर सदस्य राष्ट्रहरूबीच तीव्र मतभेद सिर्जना भएको छ। आगामी वर्ष फ्रान्ससहित विभिन्न युरोपेली देशहरूमा हुन लागेको निर्वाचन र त्यसले ल्याउन सक्ने राजनीतिक परिवर्तनका कारण वार्ता प्रभावित हुने चिन्ताबीच नेताहरूले आगामी डिसेम्बरभित्रै सहमति जुटाउने प्रयास तीव्र पारेका छन्।

विशेष गरी फ्रान्सको राष्ट्रपति निर्वाचनमा अग्रस्थानमा रहेकी अतिदक्षिणपन्थी नेतृ मरिन ले पेनले ईयूको बजेटमा फ्रान्सको योगदान घटाउनुपर्ने माग राखेकी छन् । उनले चुनावअघि नै बजेट पारित गराउन खोज्नु लोकतान्त्रिक दृष्टिले गलत हुने टिप्पणी गरेकी छन्। यस बजेटमा कृषि, रक्षा, आर्थिक प्रतिस्पर्धा र आप्रवासन जस्ता महत्त्वपूर्ण क्षेत्रका खर्चहरू समेटिएका छन् । आयरल्यान्डले प्रस्तुत गरेको पछिल्लो प्रस्तावमा बजेटबाट करिब एक खर्ब ४० अर्ब युरो कटौती गर्ने सुझाव दिइएको भए पनि सदस्य राष्ट्रहरूबीच सहमति भने जुट्न सकेको छैन । जर्मनीको नेतृत्वमा नेदरल्यान्ड्स र स्विडेनलगायतका देशहरूले बजेटमा ठूलो परिमाणमा कटौतीको माग गरिरहेका छन्।

अर्कोतर्फ, फ्रान्सले भने बढ्दो विश्वव्यापी चुनौतीहरूको सामना गर्न पर्याप्त बजेट आवश्यक पर्ने भन्दै कटौतीको विरोध गरेको छ। यसैबीच, कृषि र क्षेत्रीय विकासका लागि थप बजेट विनियोजन हुनुपर्ने अडान राख्ने राष्ट्रहरूको छुट्टै समूह पनि रहेको छ । आम्दानी वृद्धिका लागि फ्रान्सले डिजिटल सेवा, क्रिप्टो सम्पत्ति, अनलाइन जुवा तथा ठूला कम्पनीहरूमा कर लगाएर ईयूको राजस्व बढाउनुपर्ने नयाँ प्रस्ताव अघि सारेको छ।

# 'कफी विथ करण' मा सलमान : सन्तानको चाहना र बुवा बन्ने इच्छाबारे खोले मुख

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २९ असोज**



बलिउड अभिनेता सलमान खानले दशकौंदेखि आफ्नो निजी जीवनलाई सञ्चारमाध्यमको पहुँचबाट टाढा राख्दै आएका छन्। यद्यपि, ६० वर्षीय यी अभिनेताले बुवा बन्ने इच्छाबारे भने खुल्ला रूपमा कुराकानी गरेका छन्।

'कफी विथ करण' को नवौं सिजनमा सहभागी हुँदै उनले कुनै दिन आफ्नै सन्तान होस् भन्ने चाहना रहेको स्वीकार गरेका हुन्। शोका सञ्चालक करण जोहरले सलमानलाई भान्जाभान्जीहरूसँगको नजिकको सम्बन्धलाई ध्यानमा राख्दै कहिल्यै आफ्नै सन्तानको कमी महसुस हुन्छ कि हुँदैन भनेर सोधेका थिए। जवाफमा सलमानले सकारात्मक प्रतिक्रिया दिँदै जीवनको कुनै न कुनै मोडमा बुवा बन्ने अनुभव बटुल्न चाहेको बताए। कुराकानीका क्रममा उनले भावनात्मक सहारा र साथका लागि परिवारको महत्त्वबारे पनि चर्चा गरे। सलमानले सन्तानको इच्छा व्यक्त गरेको यो पहिलो पटक भने होइन।

यसअघि सन् २०२३ मा 'आपकी अदालत' मा कुराकानी गर्दै उनले बच्चा जन्माउने सोच बनाए पनि कानुनी अड्चनहरूका कारण त्यो सम्भव नभएको खुलाएका थिए । नियमहरू परिवर्तन भएमा सो विषयमा पुनः विचार गर्न सकिने सङ्केत पनि उनले दिएका थिए। सो क्रममा उनले बालबालिकाहरूप्रति आफ्नो विशेष लगाव रहेको र उनीहरूलाई हुर्काउनका लागि दिनुपर्ने समय र व्यावहारिक पक्षहरूबारे पनि ध्यान दिएको बताएका थिए । करण जोहरको चर्चित च्याट शो 'कफी विथ करण' को नवौं तथा अन्तिम सिजनको पहिलो अतिथिका रूपमा सलमान खान देखिएका छन्। यो नयाँ सिजन अक्टोबर १४ देखि 'जियोहटस्टार' मा प्रसारण सुरु भएको छ भने प्रत्येक बुधवार नयाँ शृङ्खलाहरू सार्वजनिक हुनेछन्।

# प्रदेश निजामती सेवाका अधिकृत सातौं र आठौं तहको विज्ञापनमा रोक

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २९ असोज**

**प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश**
**जनकपुरधाम, धनुषा**

मधेस प्रदेश लोक सेवा आयोगले प्रदेश निजामती सेवातर्फका अधिकृत सातौं र आठौं तहको विज्ञापन रोकेको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले रिक्त पदपूर्तिका लागि माग नपठाएपछि आयोगले विज्ञापन प्रकाशन गर्न नसकेको हो । आयोगको वार्षिक कार्यतालिकाअनुसार असोज महिनाको अन्तिम बिहीबार अर्थात् असोज २९ गते अप्राविधिक र प्राविधिकतर्फका अधिकृत पदको विज्ञापन खुल्नुपर्ने थियो । प्रदेश निजामती सेवा ऐन, २०७७ को व्यवस्थाअनुसार मुख्यमन्त्री कार्यालयले निर्धारित समयमै रिक्त पदको विवरण आयोगलाई पठाउनुपर्छ तर कार्यालयले सङ्गठन तथा व्यवस्थापन (ओएण्डएम) सर्वेक्षणको कारण देखाउँदै तत्काल कर्मचारीको माग पठाउन नसकिने जानकारी आयोगलाई गरायो । मुख्यमन्त्री कार्यालयले असोज २३ गते आयोगलाई पत्र पठाउँदै प्रमुख सचिवको संयोजकत्वमा साउन ११ गते बसेको सचिव बैठकको निर्णय उद्धृत गरेको छ। बजेट वक्तव्यको बुँदा नम्बर १०९ लाई आधार मान्दै पत्रमा 'कर्मचारी दरबन्दी कम्तीमा १५ प्रतिशत कटौती गर्नुपर्ने भएकाले ओएण्डएम सर्वेक्षण नसकिन्जेल नयाँ पदपूर्ति र बढुवा रोक्का गरिएको' उल्लेख छ । मधेस प्रदेश सरकार अन्तर्गतका निकायहरूको ओएण्डएम कार्य सम्पन्न भई नसकेकाले तत्काल कर्मचारी माग गर्न नसकिएको मुख्यमन्त्री कार्यालयले स्पष्ट पारेको छ ।

मुख्यमन्त्री कार्यालयबाट यस्तो बेहोराको पत्र आएपछि आयोगले असोज २८ गते विज्ञापन नखोल्ने निर्णय गरेको हो । आयोगले बिहीबार एक सूचना जारी गर्दै कार्यतालिकामा निर्धारित अधिकृत तहको विज्ञापन हाललाई हुन नसकेको जानकारी सम्पूर्ण सरोकारवालालाई गराएको छ। प्रदेश सरकारको यो कदमले प्रदेश निजामती सेवामा प्रवेश गर्न तयारी गरिरहेका परीक्षार्थीहरू भने प्रभावित भएका छन् ।


## सार्वजनिक सुनुवाइबारे राय–सुझाव पेश गर्ने सार्वजनिक सूचना

मधेश प्रदेश, धनुषा जिल्ला, धनुषाधाम नगरपालिका वडा नं. ५, नौसयको कित्ता नं. ५११, ५३४ र १००९ को क्षेत्रफल १-०-३-० (बि-क-धु-क) मा स्थापना तथा सञ्चालन हुने जी. नेचुरल फुड प्रा.लि. को प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयार गर्ने सिलसिलामा मिति २०८३/०५/२५ गते दिउँसो ३:०० बजे उद्योग परिसर, धनुषाधाम नगरपालिका वडा नं. ५, नौसय, धनुषामा सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न भइसकेको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध गरिन्छ।

प्रस्तावित उद्योग धनुषा जिल्लाको धनुषाधाम नगरपालिका वडा नं. ५, नौसयमा अवस्थित जग्गा तथा आवश्यक भौतिक संरचनाहरू प्रयोग गरी स्थापना तथा सञ्चालन गर्ने प्रस्ताव रहेको छ।

प्रस्तावित उद्योगको स्थापना तथा सञ्चालनबाट स्थानीय भौतिक, जैविक, सामाजिक–आर्थिक, सांस्कृतिक तथा जनस्वास्थ्यसम्बन्धी वातावरणमा पर्न सक्ने सकारात्मक तथा नकारात्मक प्रभावहरूको पहिचान, पूर्वानुमान, विश्लेषण तथा मूल्याङ्कन गरी सकारात्मक प्रभाव अभिवृद्धि गर्ने र नकारात्मक प्रभावहरूको रोकथाम, न्यूनीकरण तथा व्यवस्थापनका उपयुक्त उपायहरू निर्धारण गर्ने उद्देश्यले प्रारम्भिक वातावरणीय परीक्षण (IEE) अध्ययन भइरहेको छ।

यस सम्बन्धमा सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न भइसकेको भए तापनि प्रस्ताव कार्यान्वयनबाट स्थानीय वातावरण, जनस्वास्थ्य तथा समुदायमा पर्न सक्ने सम्भावित प्रभावहरूका सम्बन्धमा कुनै थप राय, सुझाव, प्रतिक्रिया वा सरोकार भएमा यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानाहरूमा लिखित रूपमा उपलब्ध गराई सहयोग गरिदिनुहुन सम्बन्धित स्थानीय तह, वडा कार्यालय, सरकारी तथा गैरसरकारी संघ-संस्था, स्थानीय बासिन्दा, सरोकारवाला तथा सर्वसाधारण सबैमा यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

राय–सुझाव पठाउने ठेगाना :

| कार्यालय / निकाय | नाम, ठेगाना तथा सम्पर्क विवरण |
|---|---|
| सम्बन्धित स्थानीय तह | धनुषाधाम नगरपालिका, धनुषा, मधेश प्रदेश |
| सम्बन्धित वडा कार्यालय | धनुषाधाम नगरपालिका वडा नं. ५ को कार्यालय, नौसय, धनुषा |
| प्रस्तावक | जी. नेचुरल फुड प्रा.लि., धनुषाधाम नगरपालिका वडा नं. ५, नौसय, धनुषा, मधेश प्रदेश, नेपाल |
| प्रस्तावकको सम्पर्क नं. | ९८५४०२९८९७ |
| इमेल | saurabhjha8977@gmail.com |
| परामर्शदाता | सुनरस कन्सल्टेन्सी एण्ड ट्रेडर्स प्रा.लि., वीरगञ्ज–१६, पर्सा |
| सम्पर्क व्यक्ति | शम्भु प्रसाद चौरसिया |
| इमेल | shambhuprasadchaurasia@gmail.com |

## सार्वजनिक सुनुवाइबारे राय–सुझाव पेश गर्ने सार्वजनिक सूचना

मधेश प्रदेश, धनुषा जिल्ला, मिथिला नगरपालिका वडा नं. ६, भक्तीपुर गाउँमा स्थापना तथा सञ्चालन हुने राधा माधव भेनियर उद्योग प्रा.लि. को प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयार गर्ने सिलसिलामा मिति २०८३/०५/२५ गते बिहान ८:०० बजे मिथिला नगरपालिका वडा नं. ६, भक्तीपुर गाउँ, धनुषामा सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न भइसकेको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध गरिन्छ।

प्रस्तावित उद्योग धनुषा जिल्लाको मिथिला नगरपालिका वडा नं. ६, भक्तीपुर गाउँ अन्तर्गत पर्ने कित्ता नं. २७०, २५, १४ र १६ मा रहेको कुल २-१२-७ (बिघा–कट्ठा–धुर) क्षेत्रफलको जग्गामा विद्यमान तथा आवश्यकता अनुसार थप निर्माण गरिने भौतिक संरचनाहरू प्रयोग गरी स्थापना तथा सञ्चालन गर्ने प्रस्ताव रहेको छ।

प्रस्तावित उद्योगको स्थापना तथा सञ्चालनबाट स्थानीय भौतिक, जैविक, सामाजिक–आर्थिक, सांस्कृतिक तथा जन स्वास्थ्य सम्बन्धी वातावरणमा पर्न सक्ने सकारात्मक तथा नकारात्मक प्रभावहरूको पहिचान, पूर्वानुमान, विश्लेषण तथा मूल्याङ्कन गरी सकारात्मक प्रभाव अभिवृद्धि गर्ने र नकारात्मक प्रभावहरूको रोकथाम, न्यूनीकरण तथा व्यवस्थापनका उपयुक्त उपायहरू निर्धारण गर्ने उद्देश्यले प्रारम्भिक वातावरणीय परीक्षण (IEE) अध्ययन भइरहेको छ।

यस सम्बन्धमा सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न भइसकेको भए तापनि प्रस्ताव कार्यान्वयनबाट स्थानीय वातावरण, जन स्वास्थ्य तथा समुदायमा पर्न सक्ने सम्भावित प्रभावहरूका सम्बन्धमा कुनै थप राय, सुझाव, प्रतिक्रिया वा सरोकार भएमा यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानाहरूमा लिखित रूपमा उपलब्ध गराई सहयोग गरिदिनुहुन सम्बन्धित स्थानीय तह, वडा कार्यालय, सरकारी तथा गैरसरकारी संघ-संस्था, स्थानीय बासिन्दा, सरोकारवाला तथा सर्वसाधारण सबैमा यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

राय–सुझाव पठाउने ठेगाना :

| कार्यालय / निकाय | नाम, ठेगाना तथा सम्पर्क विवरण |
|---|---|
| सम्बन्धित स्थानीय तह | मिथिला नगरपालिका, धनुषा, मधेश प्रदेश |
| सम्बन्धित वडा कार्यालय | मिथिला नगरपालिका वडा नं. ६ को कार्यालय, धनुषा |
| प्रस्तावक | राधा माधव भेनियर उद्योग प्रा.लि., मिथिला नगरपालिका वडा नं. ६, भक्तीपुर गाउँ, धनुषा, मधेश प्रदेश, नेपाल |
| प्रस्तावकको सम्पर्क नं. | ९७४३५७८७८० |
| इमेल | shreeradheveneer@gmail.com |
| परामर्शदाता | सुनरस कन्सल्टेन्सी एण्ड ट्रेडर्स प्रा.लि., वीरगञ्ज–१६, पर्सा |
| सम्पर्क व्यक्ति | शम्भु प्रसाद चौरसिया |
| इमेल | shambhuprasadchaurasia@gmail.com |

जलेश्वर टुडे
Jaleshwor Today



# प्रस्तावित कम्पनी ऐन : पुँजी बजारलाई अवसर कि अवरोध ?



-पुँजी बजारको देखिने भाग सेयर बजार हो भने यसको अदृश्य तर निर्णायक संरचना कम्पनी कानुन हो। धितोपत्रसम्बन्धी प्रचलित ऐन, नियम तथा अन्य व्यवस्था र नेपाल धितोपत्र बोर्डका निर्देशनले सेयर निष्कासन, कारोबार, कम्पनी सुशासन र बजार अनुशासनलाई नियमन गर्छन्। तर कम्पनीको जन्म, पुँजी, स्वामित्व प्रमाणीकरण, सेयर हस्तान्तरण, साधारणसभा निर्णय प्रक्रिया, सञ्चालक चयन, कम्पनी गाभ्ने वा बन्द गर्नेलगायतका सबै प्रश्नको मूल उत्तर कम्पनी ऐनमै हुन्छ । त्यसैले दुई दशक पुरानो कम्पनी ऐन, २०६३ लाई प्रतिस्थापन गर्ने प्रस्तावित कम्पनी विधेयक, २०८३ कम्पनी दर्ता गर्ने प्रशासनिक कानुन मात्र होइन। यो ऐन कमजोर भएमा त्यसको असर धितोपत्र बजारभरि फैलिन्छ। नेपालको बजार अहिले कागजी सेयरबाट अभौतिक सेयर, डिजिटल सहभागिता, सीमित संस्थागत लगानीबाट व्यापक जनसहभागिता र परम्परागत उद्योगबाट पूर्वाधार तथा प्रविधिमुखी उद्यमतर्फ सर्दै छ।

यस्तो संक्रमणकालमा नयाँ कम्पनी कानुनले भविष्यको बजार संरचना अनुमान गरेर प्रविधिअनुकूल, नियामकीय रूपमा स्पष्ट र आर्थिक रूपमा व्यावहारिक प्रावधान बनाउनुपर्छ । १. लगानी र पुँजी निर्माण : पुँजी बजारको विस्तार कम्पनीले सहज रूपमा पुँजी जुटाउन सक्ने र लगानीकर्ताले पाउने व्यवहारमा भर पर्छ। तर अंकित मूल्य, संस्थापक सेयर संरचना, पुँजी फिर्ता र कर्मचारी स्वामित्वलाई प्रस्तावित विधेयकले छुट्टाछुट्टै हेरेको छ, जबकि यी पुँजी निर्माणकै एउटै ढाँचाका अंग हुन्। अंकित मूल्यमा लचकताः विधेयकको दफा ४० ले सार्वजनिक कम्पनीको सेयर अंकित मूल्य ५० रुपैयाँ वा गुणांकमा राख्ने पुरानो र अनावश्यक व्यवस्था दोहोर्‍याएको छ। अंकित मूल्य सेयरको वास्तविक बजार मूल्य नभई लेखांकन अवधारणा मात्र हो, उच्च वा निश्चित अंकित मूल्यले न कम्पनीको मूल्यांकन सुध्रिन्छ, न लगानीकर्ता सुरक्षित हुन्छन् । बरु यसले नवप्रवर्तन, प्रविधि कम्पनी र साना लगानीकर्ताका लागि सेयर संरचना र पुँजी संकलन जटिल बनाउँछ। कम्पनीलाई नियमावली अनुसारको मूल्यमा सेयर जारी गर्न, उचित मूल्यांकनमा प्रिमियम तोक्न र कुल चुक्ता पुँजी नबदली नियामकको स्वीकृतिमा सेयर विभाजन गर्न दिनुपर्छ। नेपालको सेयर बजार कागजीबाट अभौतिक, सीमित संस्थागत लगानीबाट व्यापक जनसहभागिता र परम्परागत उद्योगबाट पूर्वाधार तथा प्रविधिमुखी उद्यमतर्फ अघि बढिरहेको छ। यस्तो संक्रमणलाई सम्बोधन गर्न नयाँ कम्पनी कानुन प्रविधिअनुकूल, नियामकीय रूपमा स्पष्ट र आर्थिक रूपमा व्यावहारिक हुनुपर्छ। संस्थापक सेयरको तरलताः संस्थापक सेयरधनी दोस्रो दर्जाका होइनन्, जोखिम वाहक हुन्। पुँजी मात्र होइन, प्रतिष्ठा, समय, ऋण जमानत र असफलताको प्रारम्भिक जोखिम पनि बोक्छन्। तर यसको अर्थ उनीहरूलाई नियमनमुक्त विशेषाधिकार दिनु होइन।

विधेयकमा दफा ४६ (ख) जस्तो व्यवस्थाले 'संस्थापक' भएकै आधारमा स्थायी अलग दर्ता, अनिश्चितकालीन बिक्री प्रतिबन्ध र तरलता अधिकारमा विभेद गर्छ, जुन अन्यायपूर्ण हो। पूर्वाधार वा सार्वजनिक निष्कासन गर्ने कम्पनीमा संस्थापक सेयरको लक-इन आवश्यक हुन सक्छ, तर यो निश्चित अवधि वा आयोजनाको मापनयोग्य प्रगतिसँग जोडिनुपर्छ। स्थायी विभाजनले एउटै कम्पनीभित्र दोहोरो मूल्य, कमजोर तरलता र कृत्रिम छुटको जोखिम सिर्जना गर्छ । सेयरधनीबीचको व्यवहारः विधेयकको दफा ४१ (घ) अनुसार कुनै पूर्वाधार आयोजना सरकारलाई हस्तान्तरण हुँदा साधारण सेयरधनीले लगानी फिर्ता पाउने तर संस्थापक र संस्थागत सेयरधनीले नपाउने संरचना राखिएको छ। यसले दुई समस्या जन्माउँछ। पहिलो, एउटै वर्गका इक्विटी लगानीकर्ताबीच आर्थिक अधिकारमा प्रत्यक्ष विभेद हुन्छ । दोस्रो, इक्विटीलाई ऋणजस्तो निश्चित फिर्ताको अधिकार दिइन्छ, जबकि इक्विटी स्वभावतः जोखिम वहन गर्ने पुँजी हो। कर्मचारी स्वामित्वः विधेयकको दफा ४५ मा मेहनतनामा सेयरको विषय भए पनि कर्मचारीले बोनस रकमको सट्टा स्वेच्छाले त्यस्तो सेयर लिन सक्ने विकल्प पनि दिनुपर्छ । यसका लागि कर्मचारीको स्वतन्त्र सहमति, निष्पक्ष मूल्यांकन, कर तथा बोनस कानुनसँग समन्वय र नगद विकल्पलाई अनिवार्य सुरक्षा मान्नुपर्छ । २. प्रविधि र बजार आधुनिकीकरणः प्रविधियुक्त बजारमा सेयर, साधारणसभा र मतदान कागजी प्रक्रियामा अड्किनु हुँदैन । अभौतिकीकरण, ई-प्रोक्सी, ई-भोटिङ र हाइब्रिड साधारणसभाले लागत घटाउँछन् र सहभागिता, अभिलेख र निर्णयको विश्वसनीयता बढाउँछन्। अभौतिकीकरणः विधेयकको दफा ५१ ले सार्वजनिक निष्कासन गर्ने कम्पनीलाई मात्र अभौतिकीकरण अनिवार्य गरेको छ।

तर ठूलो पुँजी, धेरै सदस्य वा सार्वजनिक हित भएका कम्पनीको भौतिक प्रमाणपत्रले असहजता, पारदर्शिता समस्या र वित्तीय अपराधको जोखिम बढाउँछ । तोकिएको सीमा पार गर्ने कम्पनीलाई चरणबद्ध डिम्याट अनिवार्य गरिनुपर्छ । प्रविधिको प्रयोगः दफा १२६ ले साधारणसभालाई भौतिक हलमा मात्र सीमित गरेको छ। तर इजाजतप्राप्त प्लाटफर्मबाट पहिचान प्रमाणीकरण, प्रत्यक्ष सहभागिता, ई-भोटिङ र डिजिटल प्रोक्सी सम्भव छ। 'मेरो सेयर' जस्तो प्रणालीलाई कानुनी मान्यता दिन सकिन्छ। साइबर सुरक्षा, गोपनीयता र मत गणनाको स्वतन्त्र प्रमाणीकरण स्पष्ट हुनुपर्छ। गणपूरक संख्याः साधारणसभाको गणपूरक संख्याका लागि प्रतिशतभन्दा सहभागिताको वास्तविकता महत्त्वपूर्ण हुन्छ । प्रस्तावित विधेयकको दफा १२६ मा बाँडफाँट भएको कुल सेयरको ५० प्रतिशत र दोस्रो सभामा २५ प्रतिशत प्रतिनिधित्व अनिवार्य गर्ने व्यवस्था, स-साना सेयरमा विखण्डित स्वामित्व भएको सूचीकृत कम्पनीमा व्यावहारिक नहुन सक्छ। हजारौं साना सेयरधनी भएको कम्पनीमा ५० प्रतिशत सेयर जुट्न नसक्दा वर्षौंसम्म साधारणसभा रोकिन सक्छ भने कम्पनीका केही ठूला सेयरधनी उपस्थित हुँदा प्रतिशत पुगेर न्यून व्यक्तिगत सहभागितामा पनि सभा चल्न सक्छ। त्यसैले प्रतिशतले मात्र सहभागिताको लोकतान्त्रिक गुणस्तर नाप्दैन । सदस्य संख्यामा आधारित न्यूनतम गणपूरक संख्या, इलेक्ट्रोनिक रूपमा सभा गर्न सक्ने सुविधा व्यावहारिक हुन्छ। ३. बजार पूर्वाधार र तरलता : सेयरको वास्तविक मूल्य पारदर्शी, कम लागत र समयबद्ध हस्तान्तरणबाट मात्र प्राप्त हुन्छ । तर सार्वजनिक निष्कासन नगरेका कम्पनीको सेयर हस्तान्तरण र तरलता प्रस्तावित ऐनमा अस्पष्ट छ । कम्पनी ऐनले ओटीसी बजारको बाटो खोल्नुपर्छ र धितोपत्र बोर्डले त्यसको नियमन गर्नुपर्छ। समयमै उचित मूल्यमा बेच्ने माध्यम नहुँदा सेयर 'फसेको पुँजी' बन्छ। दफा ७७ र ७९ ले ओटीसी बजारको संकेत गरे पनि स्वीकृति प्रक्रिया, मूल्य र नियमनका विषय अस्पष्ट छन्।

यी सबै कम्पनी ऐनमा राख्नु पनि हुँदैन । कम्पनी ऐनमा 'सूचीकरण नभएका पब्लिक कम्पनीको सेयर धितोपत्र बोर्डले तोकेको ओटीसी प्रणालीमार्फत कारोबार गर्न सकिने' भन्ने प्रावधान राख्नु पर्याप्त हुन्छ । ४. कर्पोरेट सुशासन तथा लगानीकर्ता संरक्षण : पुँजी बजार सुशासनको उद्देश्य अधिकार र जवाफदेहीबीच सन्तुलन हो । सञ्चालक चयन, नियन्त्रण परिवर्तन र भित्री सूचना प्रयोगमा स्पष्ट नियम नहुँदा अल्पसंख्यक लगानीकर्ता सबैभन्दा बढी जोखिममा पर्छन्। एकै सभामा सबै सञ्चालक निर्वाचनः निर्वाचित सञ्चालकहरू फरक-फरक साधारणसभाबाट चरणबद्ध रूपमा चुनिँदा ठूलो सेयरधनीले प्रत्येक पटक उपलब्ध थोरै सिट नियन्त्रण गर्न सजिलो हुन सक्छ । अल्पसंख्यक प्रतिनिधित्वका लागि समानुपातिक मतदान प्रणाली राखिएको हो भने सबै निर्वाचित सिट एउटै साधारणसभामा प्रतिस्पर्धा गराउनु प्रभावकारी हुन्छ।

भित्री कारोबारः भित्री कारोबार रोक्नुको मुख्य उद्देश्य अप्रकाशित मूल्य-संवेदनशील सूचनाको दुरुपयोग रोक्ने हो । निर्देशक, पदाधिकारी वा अन्य भित्री अधिकारीले कहिल्यै आफ्नो कम्पनीको सेयर कारोबार गर्न नपाउने पूर्ण निषेध व्यावहारिक र अनावश्यक दुवै हो। समस्या भित्री अधिकारीको होइन, अप्रकाशित मूल्य-संवेदनशील सूचना कब्जामा राखेर त्यसको लाभमा कारोबार गर्नु हो । भित्री कारोबार कम्पनी ऐनले खुला गरी नियमनका लागि धितोपत्र बोर्डलाई कारोबार निषेध अवधि, पूर्वस्वीकृति, पूर्वनिर्धारित कारोबार योजना, कारोबारपछिको सूचना प्रवाह, सम्बन्धित व्यक्तिको सूची, डिजिटल अभिलेख र कडा कारबाहीसम्बन्धी नियम बनाउने स्पष्ट अधिकार दिनुपर्छ । ५. संस्थागत सुधार : अधिकार कानुनमा लेखेर मात्र हुँदैन, तिनलाई समयमै, विशेषज्ञतापूर्वक लागू गर्ने संस्था चाहिन्छ । न्यायिक र प्राविधिक क्षमता भएको प्रभावकारी विवाद समाधान संयन्त्र नै कम्पनी कानुनको विश्वसनीयताको अन्तिम कडी हो। कम्पनी विवादमा लेखा, मूल्यांकन, सेयर वर्ग, गाभ्ने-गाभिने, खारेजी, बोर्ड अधिकार र साना लगानीकर्ताको अधिकारजस्ता प्राविधिक विवाद आउँछन्।

साभार : कान्तिपुर।

"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"



सम्पर्क -: दिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला







प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिन्टर्स, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम-४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday